सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापनमा विशेष छुट**

दसैं, दिपावली र छठ पर्वको अवसरमा विशेष छुटमा यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो व्यापार, व्यसाय लगायत कुनै पनि चिजको विज्ञापन गराई फाइदा उठाउनु होस् ।

सम्पर्क नं.: ९८४४०२५१८४, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक ४१ ♦ २०८० साल असोज २६ गते शुक्रवार ♦ 13 Oct 2023 ♦पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## एमाले मधेश प्रदेश अधिवेशनको निर्वाचन कार्यतालिका सार्वजनिक अध्यक्ष सहित पदाधिकारीको नाममा लगभग आन्तरिक सहमती





**खबर दर्पण समाचारदाता**
**असोज २५ गते, महेन्द्रनगर**

जनकपुरधाममा जारी नेकपा एमालेको मधेश प्रदेश अधिवेशनको निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको छ।

निर्वाचन कमिटीले सार्वजनिक गरेको कार्यतालिका अनुसार बिहीबार साँझ साढे ५ बजे मतदाता नामावली प्रकाशन गरिएको छ । मतदाता नामावलीमा दाबी विरोधपछि बिहीबार साँझ ८ बजे मतदाताको अन्तिम नामावली प्रकाशन हुने र राती ९ देखि ११ बजेसम्म उम्मेदवारी दर्ता, दाबी विरोधपछि उम्मेदवारको अन्तिम नामावली २६ गते विहान १० बजे प्रकाशन गर्ने कार्यतालिका

*बाँकी पृष्ठ २ मा*

## भ्रष्टाचार अभियोगमा फतुवा विजयपुर प्रमुख लाई तीन वर्ष कैद र १५ लाख रुपियाँ जरिवाना



**खबर दर्पण समाचारदाता**
**असोज २५ गते, महेन्द्रनगर**

भ्रष्टाचार अभियोगमा दोषी ठहरिनु भएका रौतहटको फतुवा विजयपुर नगर पालिकाका प्रमुख गोपाल राय यादवलाई तीन वर्ष कैद र १५ लाख रुपियाँ जरिवाना तोकिएको छ ।

विशेष अदालतले कसुर ठहर्याएपछि बुधवार उक्त सजाय सुनाएको हो । प्रचलित ऐन कानुन विपरीत लाल बकैया नदीको ठेक्का रद्द गरी पालिकालाई आर्थिक नोक्सान पुऱ्याएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा विशेष अदालतले प्रमुख यादवलाई दोषी ठहर गरेको हो । उहाँ स्थानीय निर्वाचनमा दोस्रो कार्यकालको लागि पनि चुनिनुभएको थियो ।

उक्त प्रकरणमा आयोगले २१ जनालाई प्रतिवादी बनाएकोमा अदालतले प्रमुख यादवलाई मात्रै ठहर गरेको थियो। २०७९ असार १२ गते अख्तियारले मेयर यादव सहित तत्कालीन उपप्रमुख कान्तिदेवी, वडा नम्बर १, २, ३, ५, ६, ८, ९, १० र ११ का वडाध्यक्ष, केही पूर्व वडाध्यक्ष, तत्कालीन नगर कार्यपालिका सदस्यहरूका साथै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सागरकुमार रोका, निमित्त प्रमुख प्रशासकीय अधिकृत गोकुल ढुङ्गेल र रञ्जना साहसमेत गरी २१ जनालाई मुद्दा चलाइएको थियो ।

पालिका प्रमुख यादवले नियमविपरीत लालबकैया नदीको ठेक्का रद्द गरेको अख्तियारको ठहर थियो । ठेक्का रद्द गर्दा विजयपुर र गुजरा दुवै नगरपालिकालाई आर्थिक नोक्सानी भएको भन्दै प्रतिवादीले क्रमश: ६० र ४० प्रतिशत रकम भराउन अभियोग पत्रमा माग राखेका थिए ।

लालबकैया नदीको ठेक्काको सम्बन्धमा २०७५ पुस १५ गते भएको निर्णय कार्यान्वयन नगराएको तथा बोलपत्रदाताको धरौटी जफत गर्नुपर्नेमा राजस्व मात्रै सङ्कलन गर्ने कार्य गरेको अख्तियारको ठम्याई रहेको थियो ।

एक करोड ५३ लाख ५० हजार एक सय ९९ हजार रुपियाँ बिगो दाबी गरिएको यस मुद्दामा विशेष अदालतका न्यायाधीश श्रीकान्त पौडेल र खुसीप्रसाद थारुको संयुक्त इजलासले पालिका प्रमुख यादवलाई मात्र दोषी ठहर को फैसला सुनाएको थियो ।

## महोत्तरी बाट ४ सय केजी बढी लागु औषध गाँजा सहित एक पक्राउ

**खबर दर्पण समाचारदाता**
**असोज २५ गते, महोत्तरी**

महोत्तरी प्रहरीले चार सय किलोभन्दा बढी लागूऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ ।



गएराति करिब २ बजेको समयमा जलेश्वर नगरपालिका १ स्थित जलेश्वरबाट बखरीतर्फ जाँदै गरेको ना ६ ख ७३७४ नम्बरको ट्रकलाई अस्थाई प्रहरी पोष्ट नगरपालिका, महोत्तरीबाट खटिएको प्रहरी गस्ति टोलीले शंकाको आधार मा ट्रकलाई चेकजाँच गर्दा २७ वटा लागूऔषध गाँजाको पोका बरामद गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीका अनुसार प्रहरीले बरामद गरेको २७ वटा पोकागाँजा ४ क्विन्टल ५ केजी रहेको छ ।

प्रहरीले लागूऔषध गाँजासहित ट्रक र ट्रक सह चालक मकवानपुरको थाहा नगर पालिका २ बस्ने २२ वर्षीय विशाल थिङ्गलाई नियन्त्रणमा लिई आवश्रुयक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान थालेको जनाएको छ ।

**ए.एस.डी. अफसेट प्रेस**

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# 'मलेसिया र खाडी मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या धेरै'

**खबर दर्पण समाचारदाता**

**असार २५ गते, महेन्द्रनगर**

धनुषाका दुई स्थानीय तहमा गरिएको एक अध्ययनले मलेसिया र खाडी मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या बढी हुनसक्ने देखाएको छ । बेलायतस्थित बर्नमथ विश्वविद्यालयको नेतृत्वमा धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिका र छिरेश्वरनाथ नगरपालिकामा गरिएको एक अध्ययनले नेपालमै बसोबास गर्नेभन्दा खाडी मुलुक र मलेसियामा काम गरेर फर्किएका आप्रवासी नेपालीमा मिर्गौला समस्या बढी हुनसक्ने देखाएको हो ।

अध्ययनका क्रममा दुई वर्ष खाडीका छ मुलुक (कतार, साउदी अरब, कुवेत, ओमान, युएई, बहराइन) र मलेसियामा काम गरी फर्किएका तर नेपाल फर्किएको एक वर्ष पूरा नगरेका आप्रवासी र नेपालमै रहेका नागरिकबीच तुलना गरिएकामा त्यस्तो देखिएको अनुसन्धानकर्ता टोलीमा सहभागी डा. निर्मल अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार वैदेशिक रोजगारीबाट फर्किएका सात सय १८ जना (सबै पुरुष) र नेपालमै रहेका सात सय २० जना (३७० पुरुष र ३४१ महिला) स्थानीयबीच तुलना गरिएको थियो । मिर्गौलाको अवस्था जनाउने सबैभन्दा महत्वपूर्ण परीक्षण मानिने 'ग्लोमेरुलर फिल्ट्रेसन रेट'को क्षमता जाँच गरिएकामा आप्रवासीमा ५ दशमलव ८ प्रतिशत र गैर आप्रवासीमा ३ दशमलव ६ प्रतिशत कमी देखिएको डा. अर्यालले जानकारी दिनुभयो । "गैरआप्रवासीमा पनि कहिल्यै विदेश नगएका पुरुष र महिलाभन्दा पूर्वआप्रवासीमा बढी समस्या देखिएको छ । त्यसैगरी रगतमा क्रियटिनिनको औसत पनि गैरआप्रवासीभन्दा आपवासीमा बढी देखिएको छ। उक्त परीक्षणले रगतमा क्रियटिनिन भन्ने तत्वको मात्रालाई हेरी मिर्गौलाले एक मिनेटमा कति मात्रामा रगत छान्दछ भन्ने निर्क्यौल गर्दछ र घट्दो दरले मिर्गौलाको कार्य क्षमतामा कमी आएको मानिन्छ । यसले पनि आप्रवासीहरूमा बढ्दो मिर्गौला समस्याको सङ्केत गर्दछ", डा. अर्यालले भन्नुभयो ।

यस्तै मिर्गौला रोगको अर्को परीक्षण पिसाबमा प्रोटिनको मात्रा भने आप्रवासीभन्दा गैर आप्रवासीमा बढी देखिएको छ। खासगरी गैरआप्रवासी महिलामा यो समस्या बढी देखिएकाले यसको कारकतत्व खोज्न छुट्टै अध्ययन गर्नुपर्ने अध्ययनको निष्कर्ष छ ।



त्यसैगरी अध्ययनले खाडी मुलुक र मलेसियाबाट फर्किएका नेपाली आप्रवासीमा स्थानीय गैर अप्रवासीको तुलनामा उच्चर क्तचाप (आप्रवासी ३८ प्रतिशत, गैरआप्रवासी १९ दशमलव ४ प्रतिशत), मधुमेह (आप्रवासी ७४ प्रतिशत, गैरआप्रवासी ४ दशमलव ७ प्रतिशत) र बढी तौल वा मोटोपन (आप्रवासी ६७४ प्रतिशत, गैरआप्रवासी ४९ प्रतिशत) को जोखिम निकै बढी रहेको देखिएको छ ।

डा. अर्यालका अनुसार मिर्गौलाको रोगको जोखिम उच्च भएकामा सबैभन्दा धेरै लामो समयसम्म एकै स्थानमा काम गरेका कामदार, सुरक्षा गार्ड र सवारी चालक, प्रत्यक्ष घाममा, आउटडोर, धुलो-धुवाँमा काम गर्ने कामदारमा यो समस्या धेरै पाइएको छ ।

यस अध्ययनका सिलसिलामा रगत र पिसाबको नमुना लिइएको र त्यसपछि प्रश्नावली सोधिएको थियो। अनुसन्धान टोलीका अर्का सदस्य एवं मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरका प्रमुख डा. श्रवणकुमार मिश्रका अनुसार अध्ययनमा सहभागी करिब ९० प्रतिशत कतार, साउदी अरब र मलेसियामा कार्यरत थिए भने दुई तिहाइभन्दा बढी निर्माण र उद्योग क्षेत्रमा कार्यरत थिए । त्यसैगरी सहभागी आप्रवासीले औसतमा दैनिक १० दशमलव ७ घण्टा काम गर्ने गरेको र ३० दशमलव ९ प्रतिशतले औसतमा महिनाको एकदिन पनि बिदा नलिने गरेको बताएका थिए । यस्तै २४ दशमलव ८ प्रतिशतले शारीरिक रुपले भारी र लगभग आधा सहभागीले (४४ दशमलव ४ प्रतिशत) गर्मीमा काम गर्नुपरेको, करिब ९७ प्रतिशत आप्रवासी सहभागीले काम गर्ने ठाउँमा पिउने पानी र शौचालयको सुविधा रहेको बताएको डा. मिश्रले जानकारी दिनुभयो ।

"आप्रवासी मात्रै होइन उहाँहरूको परिवारका सदस्य (विशेष गरी श्रीमती) मा पनि विभिन्न तनावका कारण धेरै समस्या हुनसक्ने देखिन्छ । यसर्थमा आप्रवासीमा उच्च रक्तचाप, मधुमेह र बढी तौल वा मोटोपन देखिएकाले तीदेशमै यससम्बन्धी सचेतना जगाउन आवश्यक छ। त्यसका लागि नेपाली दूतावास र आप्रवासीको हकहितको लागि काम गर्ने सङ्घसंस्थाले पनि विशेष पहल गर्नुपर्छ", डा. मिश्रको भनाइ छ ।

बर्नमथ विश्वविद्यालय र ग्रिनतारा नेपाल नामक गैरसरकारी संस्थाले बेलायतस्थित दकोल्ट फाउण्डेशनको आर्थिक सहयोगमा गरेको यस अध्ययनमा मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, संयुक्त राष्ट्रसङ्घ अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठन (आइओएम) र बेलायतकै युनिभर्सिटी कलेज लण्डन (युसिएल) ले सहयोग गरेको जनाइएको छ । यस प्रकारको अध्ययन समुदायस्तरमा आप्रवासी नेपाली कामदार र गैर आप्रवासीबीच पहिलोपटक भएको दाबी गरिएको छ ।

अनुसन्धानमा प्रमुख अनुसन्धानकर्ताको रुपमा डा. प्रमोदराज रेग्मी (बर्नमथ विश्वविद्यालय, बेलायत) र उहाँको टिममा अनुसन्धानकर्ता डा. निर्मल अर्याल, प्रा. डा. एडविन भान तेजलिन्जिन, प्रा. डा. अरुण सेढाइ, डा राधेश्यामकृष्ण केसी र डा. श्रवणकुमार मिश्र सहभागी भएको ग्रिन तारा नेपालले जनाएको छ । रासस

## एमाले मधेश प्रदेश अधिवेशनको निर्वाचन कार्यतालिका.............

रहेको छ भने २६ गते शुक्रबार ११ बजेदेखि मतदान गर्ने समय तोकिएको छ ।

यता निर्वाचन तालिका सार्वजनिक भएपनि सहमती जुटाउनको लागि बिहीबार बिहानदेखि नेताहरुले जुटीरहेको प्रचार विभाग प्रमुख सोमप्रसाद शर्माले बताए। शर्माले भने,'अफ सम्म सर्वसम्मत कार्यसमिति चयनका लागि प्रयास जारी रहेको छ। पाँच पदाधिकारी सहित दुई सय ३५ जना निर्वाचित गरिनु पर्नेमा सुरमा २३० जना सदस्यहरुको मनोनयन दर्ता हुनेछ । सदस्यहरुको मनोनय पछि कतिपय जिल्लाबाट निर्विरोध निर्वाचित हुनेहरुको टुंगो लगाउने त्यस पछि बाँकी रहेको पदहरुमा सर्वसम्मतबाट चयन गरिने आन्तरिक तयारी रहेको छ।'

यता एमाले स्रोतका अनुसार अध्यक्ष सहित ५ जना पदाधिकारी सर्वसम्मत चयन गर्ने सम्भावना अन्तिम चरणमा पुगेको छ । तर केही आकांक्षीले नमानेकाले अझै छलफल जारी रहेको छ।

स्रोतका अनुसार मधेस प्रदेश अध्यक्षमा सिरहा जिल्ला अध्यक्ष चन्देश्वर मण्डल हुने करिब सहमति भइसकेको छ भने उपाध्यक्षमा पर्साका विचारी यादव, सचिवमा शिवशंकर साह हिरा (धनुषा), उप सचिवमा आरती भण्डारी (रौतहट ) र मोहम्मद कैस (धनुषा) मा सहमति लगभग सहमति जुटेको छ ।

सर्वसम्मती मै नेतृत्व चयन भएपनि लोकतान्त्रिक प्रकृया अनुसार निर्वाचनको सबै पद्धती अपनाउने तयारी भएको प्रचार विभाग प्रमुख शर्माले जानकारी दिए ।

जनकपुरधाम तिरुहतिया गाछीस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्र भवनमा भइरहेको प्रथम अधिवेशनबाट पाँच पदाधिकारीसहित दुई सय ३५ जना निर्वाचित हुने छन् । प्रदेश कमिटीमा एक तिहाइ महिला अनिवार्य गरिएकामा दलित, महिला, मुस्लिम, मजदुर, जनजाति र खुल्ला भूगोलबाट प्रतिनिधित्व गरिने भएको छ ।

उक्त प्रदेशको आठ जिल्लामा चार-चारवटा निर्वाचन क्षेत्रबाट २० सदस्य र सङ्गठनको आधारमा पाँचदेखि १० जना थप गरी अधिवेशनका लागि खुल्ला तथा विभिन्न क्लस्टरबाट एक हजार २७ प्रतिनिधि छनोट गरिएको छ ।उक्त अधिवेशन पार्टी अध्यक्ष केपी शर्मा ओलीले बुधबार शुभारम्भ गर्नुभएको थियो ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरु ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अन्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसन्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नेपाल-भारतसीमा दुबै देशको सम्बन्ध थप सुमधुर बनाउने गरी व्यवस्थापन गर्नु पर्नेमा जोड

**खबर दर्पण समाचारदाता**
**असोज २५ गते, महेन्द्रनगर**

मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री चन्दन सिंहले नेपाल भारतको खुल्ला सीमाको नयाँ परिवेश अनुसार व्यवस्थापन हुनुपर्ने बताउनुभएको छ ।

नेपाल भारत खुला सीमा संवाद समूहले आज जनकपुरधाममा आयोजना गरेको "नेपाल-भारत खुल्ला सीमा" विषयक अन्तर संवादमा कार्यक्रममा श्रममन्त्री सिंहले सीमाको नयाँ परिवेश अनुसार व्यवस्थापन गर्दा सांस्कृतिक सम्बन्ध र घनिष्ठ मित्रतालाई ध्यानमा राखेर गर्नुपर्ने बताउनुभयो ।

उहाँले खुल्ला सीमाले धेरै विषयमा सहजता भए पनि ड्रग्सको कारोबारका कारण युवाहरू कुलतमा फस्दै गएकोप्रति दुवै देशका सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

मधेश प्रदेश सरकारका पूर्वमन्त्री एवं नेपाली काँग्रेसका नेता र ामसरोज यादवले चुरे विनाशको असरबाट दुवै देशका जनता नर ाम्रोसँग प्रभावित भएकाले यसको संरक्षणमा साँझा प्रयासको आवश्यकतामा जोड दिनुभयो ।

नेकपा एमालेका मधेश प्रदेशका उपनेता दीपेन्द्र ठाकुरले नेपालको सच्चा मित्र भारत भएको बताउँदै सीमामा आउने विवादको शान्तिपूर्ण रुपमा समाधान गर्दै सीमा क्षेत्रका नागरिकलाई असहजता उत्पन्न हुने कुनै पनि गतिविधि हुन नहुने बताउनुभयो ।

जनकपुरधाम उपमहानगर पालिकाका नगर प्रमुख मनोज कुमार साहले खुल्ला सीमानाको विषयमा बृहत् समीक्षा हुन जरुरी रहेको बताउनुभयो ।

भारत सरकारको वीरगञ्ज स्थित महावाणिज्य दूतावासका महावाणिज्य दूत शैलेन्द्र कुमारले नेपाल भारत बीचको सम्बन्ध अन्य मुलुकको सम्बन्ध भन्दा फरक भएकाले सिमानामा रहेको भारतीय सीमा सुरक्षा बललाई नेपालीसँग सरल व्यवहार गर्न निर्देशन दिइएको बताउनुभयो ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले खुल्ला सीमाका कारणले चोरी पैठारी बढेका कारण सिमावर्ती नेपालका बजारमा कारोबार घटेको चर्चा गर्दै सीमाको व्यवस्थापन वैज्ञानिक एवं मित्रवत् हुनुपर्ने धारणा राख्नुभयो ।



नेपाल भारत खुला सीमा संवाद समूहका अध्यक्ष राजीव झाको अध्यक्षतामा भएको कार्यक्रममा तराई मधेश लोकतान्त्रिक पार्टी नेपालका कार्यवाहक अध्यक्ष डा. विजय कुमार सिंह, नेकपा माओवादी धनुषाका इन्चार्ज विजयशंकर नायक सहितका वक्ताहरूले सीमा क्षेत्रमा भारतीय सीमा सुरक्षा बलले नेपालीलाई दुःख दिन थालेको बताउनुभयो ।

कार्यक्रममा दुवै देशका नागरिक सम्मिलित सीमा संवाद समूहका अध्यक्षबाट संयुक्त रुपमा सीमामा देखिएको समस्या समाधानका लागि भारतीय महावाणिज्य दूतलाई लिखित ज्ञापनपत्र दिइएको थियो ।

## धार्मिक द्वन्द भएको सर्लाही र बाँके सहित ४ जिल्लाका सीडीओको सरुवा

**खबर दर्पण समाचारदाता**
**असोज २५ गते, महेन्द्रनगर**

गृह मन्त्रालयले सर्लाही र बाँकेसहित ४ जिल्लाका प्रमुख जिल्ला अधिकारीको हेरफेर गरेको छ ।

धार्मिक र साम्प्रदायिक दङ्गा भड्किएपछि बाँकेका प्रजिअ विपिन आचार्यलाई गृह मन्त्रालयमा फिर्ता बोलाइएको छ ।

बाँकेको प्रमुख जिल्ला अधिकारीमा श्रवणकुमार पोखरेललाई पठाएको गृह मन्त्रालयका एक जना अधिकृतले बताए ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई जिल्ला प्रशासन कार्यालय इलाममा सरुवा गरिएको छ ।

कोमलप्रसाद धमलालाई सर्लाहीमा सरुवा गरिएको छ । धमला दोलखाका प्रजिअ थिए । जिल्ला प्रशासन कार्यालय दोलखाको प्रजिअमा टुवराज पोखरेललाई पदस्थापन गरिएको गृह मन्त्रालयले जनाएको छ ।


**सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।**
**सभ्य नागरिकको परिचय दिऔं ।**



## झाडापखाला सम्बन्धी जनचेतना मुलक सूचना ।

**झाडापखाला सम्बन्धी जनचेतना मुलक सूचना ।**

दिनमा ३ पटक भन्दा बढी दिशा लाग्नु । वान्ता हुनु । शरीरमा पानीको मात्रा कम हुँदै जानु । आँखा गड्ने । पिसाब थोरै हुने । बिरामी शिथिल हुँदै जाने । बच्चाले दूध चुस्न नसक्ने ।

**झाडापखाला लागेमा रोकथामका उपायहरु :**

- पुनर्जलीय झोल बनाएर खाने ।
- उमालेको पानी, भातको माड, दालको रस, गेडागुडी वा तरकारीको रस प्रशस्त मात्रामा खाने ।
- स्तनपान गराइरहेको शिशूलाई झाडापखाला भएमा धेरै पटक स्तनपान गराउने ।
- पाँच वर्ष मुनिका बालबालिकालाई स्वास्थकर्मीको सल्लाहमा पुनर्जलीय झोलसँगै जिङ्क चक्की खुवाउने ।
- पुनर्जलीय झोल खुवाउँदा पनि झाडापखाला निको नभएमा स्वास्थसंस्थामा लैजानुपर्छ ।
- रोगलागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उत्तम मानिन्छ। स्वास्थ र सरसफाइमा ध्यान दिएमा झाडापखाला लाग्नबाट बच्न सकिन्छ ।

*यस्ता लक्षण देखिनु झाडापखालाको लक्षण हो । झाडापखाला भएका बिरामीले समयमा उपचार नपाएमा बिरामीको मृत्यु समेत हुनसक्छ । त्यसैले झाडापखाला लागेमा उपचार गर्नुपर्छ । झाडापखालाको उपचार घरमै पनि गर्न सकिन्छ ।*

**झाडापखाला लाग्नबाट कसरी बच्ने ?**

- साबुन पानीले मिचिमिचि हात धुने बानी बसाल्ने ।
- राम्ररी पाकेको खानेकुरा खाने ।
- ताजा खानेकुरा मात्र खाने ।
- खानेकुरालाई झिंगा, धुलोबाट सुरक्षित राख्ने ।
- काँचै खाने तरकारी तथा फलफूल राम्रोसँग पकाएर खाने ।
- पानी शुद्धिकरण गरेर मात्रै पिउने ।
- शौचायलमा मात्र दिसापिशाब गर्ने ।
- फोहरमैलालाई उचित तरिकाले विसर्जन गर्ने ।

**लक्ष्मीनिया गाउँपालिका**
**धनुषा**



**दुधमती मिडिया प्रा.ली. द्वारा संचालित**
**(अपन संस्कृति अपन पहिचान)**

**दुधमती एफ.एम. १०४ मेगाहर्ज**

**क्षीरेश्वरनाथ नपा ५, महेन्द्रनगर, धनुषा**

दुधमती एफ.एम. १०४ मेगाहर्जबाट आफ्नो पसल, प्रतिष्ठान, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ०४१-५४००८९, ९८५४०२९७८२, ९८०४८३३५७८



## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# जितपुर सिमरा उपमहानगर का पूर्व मेयर मृत फेला



**खबर दर्पण समाचारदाता**
**असोज २५ गते, बारा**

जीतपुरसिमरा उपमहानगर पालिकाका पूर्व मेयर डा.कृष्ण पौडेलको निधन भएको छ ।

पूर्व मेयर डा.पौडेलको आफ्नै घर जितपुरसिमरा उपमहानगर पालिका-२ सिमरामा बिहिबार राती करिब पौने ७ बजे असामायिक निधन भएको उहाँका सालो दिवाकर भण्डारीले बताउनुभयो ।

२०२९ सालमा जन्मिनु भएका पौडेल ५१ बर्षको हुनुहुन्थ्यो । उहाँको एक छोरा र एक छोरी रहेका भण्डारीले जानकारी दिनुभयो।

पूर्व मेयर पौडेलको निधन आफ्नै घरको कोठामा भेटिएपछि शंकास्पद रहेकाले उहाँको पार्थिव शरीरलाई सत्यतथ्य पत्ता लगाउन वीरगंज स्थित नारायणी उप-क्षेत्रीय अस्पताल पर्सामा परीक्षणको लागि पठाउने तयारी भई रहेको बाराका (एसपि) प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिनुभयो ।

# क्षीरेश्वरनाथ नगरपालिकाबाट एक महिला ३ वर्षीया छोरी सहित तीन दिन देखि वेपत्ता





**खबर दर्पण समाचारदाता**
**असोज २५ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाबाट एक महिला ३ वर्षीया छोरी सहित तीन दिन देखि वेपत्ता भएको छ।

क्षीरेश्वरनाथ-७, कुचाई पासमान टोल बस्ने मदन श्रेष्ठको २९ वर्षीया पत्नी सुभद्रा श्रेष्ठ र ३ वर्षीया छोरी सुमिना श्रेष्ठ मंगलवार देखि हराएको परिवारजनले जनाएको छ।

आठ महिनाको गर्भवति सुभद्रा छोरी सहित मंगलवार दिउँसो २ बजे तिर आफ्नै घरबाट वेपत्ता भएका हुन् ।

फोटोमा देखिएका महिला र बच्चा कसैले कतै देख्नेले इलाका प्रहरी कार्यालयको ९८५४०९००७२ मा खबर गरि दिनु हुन अनुरोध छ।

# क्षीरेश्वरनाथ नगरपालिकामा १५ वर्षिय बालिका बलात्कृत

**खबर दर्पण समाचारदाता**
**असोज २५ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिका इच्छापुरमा एक १५ वर्षिय बालिका बलात्कृत भएकी छिन् ।

क्षीरेश्वरनाथ नगरपालिका ८ घर भएकी बालिका असोज २० गते शनिवार नातामा मामा पर्ने एक छिमेकीबाट बलात्कारको शिकार भएकी हुन ।

बालिका नातामा भान्जी पर्ने सोही वडा वस्ने छिमेकी २५ वर्षीय इस्वर राज भनिने भरत महतोबाट बलात्कृत भएकी हुन । छिमेकीको नातामा भान्जी पर्ने वालिका असोज २० गते शनिवार करिब ५ वजे तिर खेतमा घाँस काट्न गएको बेला एक्लै देखर उँखुवारीमा लगि बलात्कार गरेको वालिकाले आरोप लगाएकी छिन् ।

बाखा चराउन गएको भरत महतोले बालिकालाई एक्लै देखेपछि घरमा बाखा बाँधेर आइ बालिकालाई पछाडीबाट आँखा छोपी हाथखुट्टा बाँधेर उँखुवारीमा लगी बलात्कार गरको बालिकाले आरोप लगाईन ।

वालिकाको अनुसार आफनो आँखा खोलेपछि आफनै छिमेकीको मामा पर्ने भरत महतो रहेको र महतोले आफूलाई लुगा र चप्पल किनदिने लोभ देखाएको बताइन। पिडित वालिका रुदै घरमा आफनो दाईलाई घटना वारे जनकारी गराइकि थिइन ।

घटनाबारे इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा पीडित परिवारले उजुरी दिएका छन्। उजुरी पछि पिडित वालिकालाई मेडिकल गराई आवश्यक प्रक्रिया अगाडी बढाइएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरिक्षक दिपक कार्कीले जानकारी दिए । घटना पछि आरोपित फरार रहेकोले खोजतलास भइरहेको प्रहरीले जनाएको छ।

आरोपितत पक्षले गाउँमै घटना मिलाउन दवाव दिइरहेको पीडितले जनाएको छ। पीडित परिवारले आफूहरुलाई पैसाको प्रलोभन देखाउँदै गाउँमै घटना मिलाउन गाउँकै अरु व्यक्तिहरुबाट भन्न लगाएको बताए ।

## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**भूमिगत जलश्रोत सिंचाई आयोजना, जलेश्वर, महोत्तरी**

## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरि एको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संर क्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**कमला नदी नियन्त्रण आयोजना , जनकपुर**

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

नगरपालिकाको सार्वजनिक सम्पतीको संरक्षण गर्नु सबै नगरबासीको कर्तव्य हो । सबै मिलि संरक्षण गरौं ।

**मटिहानी नगरपालिका**
धिरापुर, महोत्तरी

## सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

**कमला सिंचाई व्यवस्थापन कार्यालय**
पोर्ताहा, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा